# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः १८, मंसिर ८ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि (प्रथम संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।८।७

व्यास नगरपालिका पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ४ (२) “योग्यता पुरा नगरेको संस्थाले दफा ४ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको कार्ययोजना प्रस्ताव र आवश्यक कागजात सहित आवेदन दर्ता गर्नु पर्नेछ” **को सट्टा** “योग्यता पुरा गरेको संस्थाले दफा ४ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको कार्ययोजना प्रस्ताव र आवश्यक कागजात सहित आवेदन दर्ता गर्नु पर्नेछ” राखी संशोधन गरिएको छ ।

२. दफा ५ (२) (२) - “सामान्यतः स्वीकृत कार्यक्रममा ५० प्रतिशत नगरपालिका र ५० प्रतिशत आवेदकले व्यहोर्नु पर्नेछ” **को सट्टा** “स्वीकृत कार्यक्रममा ६० प्रतिशत नगरपालिका र ४० प्रतिशत आवेदकले व्यहोर्नु पर्नेछ” राखी संशोधन गरिएको छ ।

३. अनुसूची-७ (२) “विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत” **को सट्टा** “विनियोजित बजेटको अधिनमा रही बढीमा ६० प्रतिशत अनुदान” राखी संशोधन गरिएको छ ।

**आज्ञाले**

गंगालाल सुबेदी

प्रमुख प्रशासकीय अधिकृत